आज मिति २०८१ साल श्रावण २८ गते सोमबारका दिन यस मण्डनदेउपुर नगरपालिकाका नगर प्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम ४४औं बैठक बसी निम्न पदाधिकारीहरूको उपस्थितिमा देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | Sunny | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | मैया | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | सावित्री | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | लक्ष्मी प्रसाद बास्कोटा | | |
| २४ | | | | | |
| २५ | | | | | |
| २६ | | | | | |
| | | | | | |

## २०८१।०४।२८ गतेको नगर कार्यपालिकाको ४४^औं बैठकका विषयवस्तुहरू (एजेन्डाहरू)

१. मिति २०८१/०४/०६ गतेको कार्यपालिकाको ४३^औं बैठकको निर्णय समीक्षा सम्बन्धमा।
२. नगरपालिकाको खानेपानी व्यवस्थापन सम्बन्धमा।
३. नगरपालिका भित्रका सडकहरुमा ट्राफिक संकेत बोर्ड राख्ने सम्बन्धमा।
४. नगरपालिकाद्धारा संचालित नगर अस्पताल सम्म नागरिक आवत जावतको लागि गाडि खरिद गरी संचालन गर्ने सम्बन्धमा ।
५. यस मण्डनदेउपुर नगरपालिका क्षेत्रभित्र पर्ने नगरकोटको चोकमा प्रहरी विट स्थापना गर्ने सम्वन्धमा।
६. नगर भित्रका सम्पुर्ण सार्वजनिक शौचालय मर्मत गर्ने सम्बन्धमा।
७. नगरकोट कोल्डस्टोर र नगर शहरी स्वास्थ्य केन्द्र निर्माण सम्बन्धमा।
८. भवन नियमित तथा अभिलेखिकरणका लागि ३५ दिने सूचना जारी गर्ने सम्बन्धमा।
९. वडा नं १० स्थित कान्तीटारमा बाटो तथा कुलो मर्मत तथा निर्माण गर्ने सम्बन्धमा।
१०. ब्रम्हायणी डिजिटल मिडिया प्रा.लि. द्धारा निर्मित टेलिचलचित्र मनको मान्छेको पहिलो विशेष शो को लागि नगरपालिकाको सभाहल उपलब्ध गराउने सम्बन्धमा।
११. विविध

### निर्णयहरु

**निर्णय नं. १**

नगर कार्यपालिकाको मिति २०८१/०४/०६ गते बसेको ४३ औं बैठकले गरेका निर्णयहरुको कार्य प्रगतिको प्रस्तुति तथा छलफल गरी निर्णय कार्यान्वयनको समीक्षा गरियो।

**निर्णय नं. २**

मण्डनदेउपुर नगरपालिकाको प्रशासनिक भवनमा पानी आपूर्ति गर्ने ट्रान्सफर्मर चोरी भई कार्यालयमा खानेपानी अभाव भएकोले उक्त ठाँउमा ट्रान्सफर्मर व्यवस्थापन गर्नका लागि नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

नगरपालिका भित्रका नगरकोट, कुन्तावेशी, गैह्रीविसौना, सिपाघाट, हिंगुवापाटी जस्ता चोक तथा मुख्य सडकहरुमा ट्राफिक संकेत बोर्ड राखने निर्णय गरियो।

**निर्णय नं. ४**

कुन्तावेशी चोकदेखि नगर अस्पतालसम्म र कुन्तावेशी चोकदेखि नगरपालिकाको प्रशासनिक भवनसम्म नागरिकहरुलाई निशुल्क र सहजरुपमा आवत जावत गराउनको लागि गाडी व्यवस्थापन गरी संचालन गर्ने सम्बन्धमा गाडी व्यवस्थापन समेत कार्यको लागि देहाय बमोजिम एक सिफारिस समिति गठन गर्ने निर्णय गरियो।

क. संयोजक- श्री राजकुमार पराजुली, १२ नं. वडा अध्यक्ष
ख. सदस्य- श्री राजकुमार मल्ल, २ नं. वडा अध्यक्ष
ग. सदस्य- श्री निरञ्जन विष्ट, ८ नं. वडा अध्यक्ष

निर्णय नं. ५

यस मण्डनदेउपुर नगरपालिका क्षेत्रभित्र पर्ने नगरकोट बजारमा सुरक्षा व्यवस्थापनका लागि नगरकोट प्रहरी बिटसंग समन्वय गरी अस्थायी प्रहरी बिट स्थापना र संचालन गर्ने। साथै कुन्तावेशीचोकमा बढ्दै गईरहेको सवारी चापलाई व्यवस्थापन गर्न अस्थायी ट्राफिक पोस्ट स्थापनाका लागि जिल्ला सुरक्षा समिति समक्ष अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ६

मण्डनदेउपुर नगरपालिका वडा नं २ नगरकोट क्षेत्रमा रहेका-२ वटा, वडा नं. ६ सिपाघाटमा वजारमा रहेको १ वटा र वडा नं. ७ कुन्तावेशी चोकमा रहेको-१ वटा गरी जम्मा ४ वटा सार्वजनिक शौचालयको प्राविधिक लागत स्टमेट बमोजिम मर्मत गरी तत्काल संचालनमा ल्याउने निर्णय गरियो।

निर्णय नं. ७

नगरकोट कोल्डस्टोर र नगर शहरी स्वास्थ्य केन्द्रलाई संचालन योग्य बनाउन प्राविधिक लागत अनुमान बमोजिम प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. ८

भवन नियमित तथा अभिलेखीकरणका लागि नगरसभाबाट स्वीकृत भवन नियमित तथा अभिलेखीकरण सम्बन्धी कार्यविधि,२०८१ बमोजिम ३५(पैंतिस) दिने सूचना जारी गर्ने र सो कार्यका लागि वडा कार्यालयमा प्राविधिक कर्मचारी खटाउने निर्णय गरियो।

निर्णय नं. ९

वडा नं १० स्थित कान्तीटारमा बाटो तथा कुलो मर्मत तथा निर्माण गर्ने सम्बन्धमा सम्बन्धित निकायलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. १०

ब्रम्हायणी डिजिटल मिडिया प्रा.लि. द्धारा निर्मिति टेलिचलचित्र मनको मान्छेको पहिलो विशेष शो को लागि नगरपालिकाको सभाहल निशुल्क उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.११ विविध

क. ६ नं. वडा कार्यालयको च.नं.१११ मिति २०८१/०४/२८ गतेको पत्रबाट अनुरोध भए बमोजिम साविक गैह्रीविसौना गा.वि.स वडा नं. ५ मा रहेको कित्ता नं. १७१ र ११७२, क्षेत्रफल २-१-०-१ मा भारतीय दुतावासको सहयोगमा ब्रम्हायणी माध्यमिक विद्यालयको भवन निर्माणको लागि जग्गाको सुनिश्चितता गर्ने र नियमानुसारको लागत साझेदारीमा प्रतिवद्धता समेत व्यक्त गर्ने साथै सोको जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो।

ख. मिति २०८१/०४/२८ गतेको वडा नं. ९ निवासी राजेन्द्र प्रसाद सापकोटाले दिएको निवेदन अनुसार यस नगरपालिका अन्तरगतको मण्डनदेउपुर आधारभुत अस्पतालमा कार्यरत जनस्वास्थ्य निरीक्षक चन्द्रदेव ठाकुर समेत नाम जोडी उजुरी प्राप्त भएको हुँदा सो सम्बन्धमा आवश्यक छानविन

गरी १५ (पन्ध्र) दिनभित्र राय सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिम छानविन समिति गठन गर्ने निर्णय गरियो।

१. संयोजक- डा. प्रविन वस्नेत, मेडिकल अधिकृत,

२. सदस्य- श्री दिपक कुमार घिमिरे, स्वास्थ्य शाखा प्रमुख

ग. मण्डनदेउपुर नगरपालिका क्षेत्रमा बाढी पहिरो पिडितलाई तत्काल राहत उपलब्ध गराउने सम्बन्धमा वडा कार्यालयको सिफारिस, प्रहरी मुचुल्का र क्षति विवरण देखिने फोटोहरु संलग्न राखी जिल्ला विपद व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति र केन्द्रीय विपद् व्यवस्थापन समितिमा सहयोगका लागि अनुरोध गरी पठाउने निर्णय गरियो।

घ. वडा नं. १० स्थायी ठेगाना भएका श्री मोहन कृष्ण माझी मानसिक रोगबाट पीडित भई उपचारका लागि सुधार गृहमा राख्नुपर्ने भएकोले आर्थिक सहयोग उपलब्ध गराईदिनुहुन भनी १० नं. वडा कार्यालयको मिति २०८१/०४/२७ गतेको पत्रबाट लेखी आएको सम्बन्धमा उक्त पीडितलाई नगरपालिकाको तर्फबाट रु १८,०००/- अक्षरेपी अठार हजार मात्र आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।